# सार्वजनिक भवनहरूमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९



नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाण्डौं

# सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाण्डौं

प्रकाशकः

**नेपाल सरकार**

**सहरी विकास मन्त्रालय**

**सहरी विकास तथा भवन निर्माण विभाग**

**बबरमहल, काठमाण्डौं**

**४२६२३६५, ४२६२४६६,**

website: www.dudbc.gov.np;

email: info@dudbc.gov.np

© **सर्वाधिकार प्रकाशकमा सुरक्षित**

# मन्तव्य

नेपालमा तिव्र विकासको क्रम संगै सरकारी सेवा सुविधाहरुको प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाउन सरकारी तथा सार्वजनिक भवनहरुको निर्माण, पून:निर्माण तथा मर्मत संभारका कृयाकलापहरु पनि बृद्धि भइरहेका छन् । भवनमा रंगको प्रयोग श्रृंगार र सौन्दर्यको लागि मात्र नभई कुनै निश्चित क्षेत्रको भौगोलिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक पहिचान दिलाउने उदेश्यले समेत अभिप्रेरित भएको पाइन्छ । यसै परीवेशमा देशमा निर्माण भएका वा हुने सरकारी तथा सार्वजनिक भवनहरुमा प्रयोग गरिने रंग रोगनको स्तरमा एकरुपता प्रदान गर्ने र उपयुक्त पहिचान दिलाउने उदेश्यबाट अभिप्रेरित भई सहरी विकास तथा भवन निर्माण विभागले यो "सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९" प्रकाशित गरेको छ ।

भवनहरुको स्वरुप तथा डिजाइन भौगलिक विविधता र आवश्यकता अनुसार फरक फरक हुने गरेता पनि सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग मार्फत एकरुपता प्रदान गरी सौन्दर्य र पहिचान कायम राख्दै भवन निर्माण कार्यलाई नियमन गर्न र सरकारी संरचनाहरुलाई शहरी भू–दृश्य (Urban Landscape) सुहाउंदो गर्न यो निर्देशिकाले सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, यस पुस्तिका तयार गरी प्रकाशित गर्ने यस विभागका श्री भवन सर्भिसेज शाखा लगायत यस पुस्तिकालाई अन्तिम रुप दिन आफनो अमूल्य सुझाव तथा सल्लाह प्रदान गर्न हुने  सहरी विकास मन्त्रालयका श्रीमान सचिवज्यू श्री किशोर थापा, सहसचिवज्यूहरु र यस विभागका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिदै यसको सफल कार्यान्वयनको लागि शुभकामना दिन चाहन्छु ।

**डा. महेन्द्र सुब्बा**
**महानिर्देशक**

# आभार

रंग वस्तुगत आकृति तथा मानवीय संवेदनालाई संप्रेषण गर्ने मौन भाषा हो । कुनै पनि वस्तुको आकारलाई चिनाउने माध्यम नै रंग हो । त्यस कारण रंग र वस्तुको सम्बन्ध अभिन्न हुन्छ, साथै यो तथ्य भवनको सम्बन्धमा पनि सान्दर्भिक छ । वैज्ञानिक दृष्टिकोणले पनि मानविय मनोविज्ञानमा रंगको प्रभाव प्रमाणित भइसकेको छ । अत, भवनमा सौन्दर्यको लागि मात्र नभई व्यवहारिक उद्देश्यले पनि रंगको प्रयोग भएको पाइन्छ ।

देशभित्र भैइरहेको तिव्र विकास संगसगै विभिन्न परिवेशका साथ सरकारी भवनहरुको निर्माण, पुनर्स्थापना र मर्मत संभारका कृयाकलापहरु समेत वृद्धि भइरहेका छन् । सरकारी भवनहरुको कार्य प्रकृति अनुसार विभाजन गरी उचित रंगहरुको छनौट र प्रयोगबाट भवनहरुको परिचय स्थापित गर्न साथै भवनहरु बीच समानता र एकरुपता ल्याउने यो पुस्तिकाको उद्देश्य रहेको छ । आफनो उद्देश्य अनुरुप सार्वजनिक भवनहरुलाई कार्य प्रकृति अनुसार विभाजन गरी वर्तमान अवस्थामा प्रयोग भएका रंगहरुका समेत अध्ययन गरी विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी भवनका विभिन्न भागहरुको लागि उपयुक्त रंगहरुको प्रस्तावना सहित उद्देश्य पूर्ति गर्न यो निर्देशिका तयार गरिएको हो ।

नेपालको भौगोलिक क्षेत्र हिमाल, पहाड र तराईमा रहेका सार्वजनिक भवनहरुको लागि भौगोलिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक अवस्थाको पहिचान समेत प्रतिबिम्ब झल्काउने यस पुस्तिकाको निम्नानुसारको उद्देश्य रहेका छन् ।

- हाल सरकारी भवनहरु अन्य कुनै भवनहरु भन्दा फरक नदेखिंदा परिचय विहिन अवस्थामा रहेकोले सरकारी भवनहरुको छुटै परिचय स्थापित गर्न ।
- यस निर्देशिका प्रयोगबाट सर्वसाधारणलाई सरकारी भवनको पहिचान गर्न मद्दत पुग्ने ।
- सार्वजनिक भवन निर्माण, मर्मत संभारको कममा रङ्गको प्रयोगको अन्योलता हटाउने ।
- सार्वजनिक भवनहरुको अवस्थिती, स्थान अनुसारको क्षेत्रिय तथा भौगोलिक परिचयलाई भवनको स्वरुपमा समावेश गर्न ।
- नियमित मर्मत संभारको कम वा निश्चित अवधिको अन्तरालमा पुनः रङ्ग रोगन गर्दा उही रङ्ग दोहोऱ्याएर लगाइने हुनाले खर्च कमी भई आर्थिक रुपमा मितव्ययी हुने ।

यस पुस्तिका तयार गरी प्रकाशन गर्ने कार्यमा संलग्न भवन सर्भिसेज शाखाका प्रमुख सि.डि.ई. श्री प्रकीर्ण तुलाधरलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यस पुस्तिकाको लेखन गर्ने कममा अमूल्य सल्लाह एंव सुझाव दिने का. उ. वि. प्रा. ललितपुरका जिल्ला आयुक्त श्री पद्म मैनाली, यस विभागका डिभिजन प्रमुखहरु तथा आयोजना प्रमुखहरु साथै यस पुस्तिकालाई अन्तिम रुप दिन सहयोग गर्न हुने यस विभागका सि.डि.ई.हरु श्री सरिता मास्के, श्री उमादेवी संगाछे, श्री मचाकाजी महर्जन, श्री मीरा ज्ञवाली तथा इन्जिनियरद्वय श्री ज्ञानेन्द्र शाक्य र श्री प्रवीण शाह प्रति आभार प्रकट गर्न चाहन्छु ।

**रमेश प्रसाद सिंह**

**उप-महानिर्देशक**

# सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९

**प्रस्तावना :**

नेपाल राज्यभरी निर्माण हुने सार्वजनिक भवनहरुको स्वरुप भौगोलिक विविधता र आवश्यकता अनुसार फरक फरक भएपनि यसमा प्रयोग हुने रङ्ग मार्फत एकरुपता कायम गराउन र भवनको प्रयोजनको पहिचान देखाउन आवश्यक भएकोले यो निर्देशिका बनाइएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

(१) **निर्देशिकाको नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम “सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका २०६९” रहेको छ। अंग्रेजीमा यसलाई "Guidelines for the Use of Color in Public Buildings, 2012" भनिने छ ।

(२) यो निर्देशिका नेपाल राज्यभरी तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **“सार्वजनिक भवन”** भन्नाले सार्वजनिक सेवा प्रवाहमा प्रयोग हुने भवन सम्झनु पर्दछ । भाडामा बसेका निकायको हकमा रङ्ग प्रयोग सम्बन्धी करार सम्झौता अनुसार रङ्ग परिवर्तन गर्न सकिने अवस्थामा मात्र यो परिभाषाको प्रयोग हुनेछ ।

(ख) **"ऐन"** भन्नाले भवन ऐन २०५५ (प्रथम संसोधन २०६४) लाई सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** भन्नाले भवन नियमावली २०६६ लाई सम्झनु पर्दछ ।

(घ) **"निर्देशिका"** भन्नाले सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९ (यो निर्देशिका) लाई सम्झनु पर्दछ ।

(ङ) **"सार्वजनिक निकाय"** भन्नाले सार्वजनिक भवन प्रयोग गर्ने नेपाल सरकार वा अन्य प्रचलित कानून वमोजिम गठित निकाय वा सरोकारवाला संघ/संस्थालाई सम्झनु पर्दछ ।

(च) **"विभाग"** भन्नाले सहरी विकास तथा भवन निर्माण विभागलाई जनाउँनेछ ।

# परिच्छेद - २

## निर्देशिकाको उद्देश्य र प्रयोग

**(३) निर्देशिकाको उद्देश्य देहाय वमोजिम हुनेछ ।**

(१) सर्वसाधारणलाई कार्य प्रकृती र प्रयोजनको आधारमा सार्वजनिक भवनहरुको समूहगत पहिचान गराइ रङ्गको प्रयोगमा एकरुपता कायम गर्ने ।

**(४) यस निर्देशिकाको प्रयोग देहाय वमोजिम हुनेछ ।**

(१) नयाँ भवन निर्माण गर्दा ।

(२) रङ्ग परिवर्तन समेत हुने गरी भवनको मर्मत सम्भार गर्दा ।

(३) भवनको पुनःनिर्माण गर्दा ।

(४) भाडामा वसेका सार्वजनिक निकायको हकमा करार सम्झौतामा व्यवस्था गरी रङ्ग परिवर्तन गर्न सकिने अवस्थामा ।

# परिच्छेद ३

## रंग संयोजनका लागि भवनको वर्गीकरण र रंगको संयोजन

**(५)** सार्वजनिक भवनहरुमा प्रयोग हुने रंग सम्वन्धी कार्यका लागि उपयोगको आधारमा देहाय वमोजिमको वर्गीकरण गरिएको छ

(क) संवैधानिक निकायका कार्यालय भवन अदालत भवनहरु, निर्वाचन आयोग, लोकसेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग अन्तर्गतका कार्यालय भवनहरु इत्यादि ।

(ख) प्रशासनिक भवन : केन्द्रीय, क्षेत्रीय तथा जिल्ला स्तरीय प्रशासनिक भवनहरु (यस समूह अन्तर्गत जि.प्र.का, वन, मालपोत, स्वास्थ्य, शैक्षिक तथा अन्य निकायका प्रशासनिक भवन समेत पर्नेछ ।)

(ग) शैक्षिक भवनहरु : स्कूल, कलेज वा विश्वविद्यालयका अध्ययन अध्यापन गर्ने प्रयोजनमा भएका भवनहरु ।

(घ) स्वास्थ्य क्षेत्रको भवनहरु : केन्द्रीय, क्षेत्रीय, जिल्ला वा समुदायिक स्तरमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि बनेका भवनहरु ।

(ङ) सामुदायिक तथा अन्य भवनहरु : सामुदायिक प्रयोजनका लागि केन्द्रीय, क्षेत्रीय, जिल्ला वा समुदायिक स्तरमा बनेका भवनहरु ।

**(६) संवैधानिक निकायका कार्यालय भवनहरुः**

(१) संवैधानिक निकायका भवनका बाहिरी भागहरुका लागि निम्न प्रकारले रंगहरु

निर्धारण गरिएका छ ।

(क) प्लाष्टर गरिएको भवनहरुको मुख्य भागमा गुलावी (Pink) रंगको प्रयोग हुनेछ । यदि भवनको मुख्य भाग प्लाष्टर नभएर ईटा वा ढुंगाको गारो देखिने खालको छ भने त्यसमाथि कुनै रंग प्रयोग नगरी घामपानीवाट सुरक्षित गर्न पारदर्शी रसायन (Silicon Paint) प्रयोग गरिनेछ ।

(ख) भवनको ठाडो (Vertical) र तेर्सो (Horizontal) व्यान्डहरुमा आईभोरी (Ivory) रंग लगाइने छ ।

(ग) छज्जा (Projection) र छानाको फेसिया (Facia) मा खैरो रंगको प्रयोग गरिने छ ।

(घ) झ्याल ढोकाको चौकोस र खापामा सेतो रंग प्रयोग गरिने छ ।

(ङ) रुफिङ्ग सिट (Roofing Sheet) प्रयोग हुने भए रातो रंगको प्रयोग गरिने छ ।

(२) संवैधानिक निकायका भवनको आन्तरिक भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) करिडोर तथा भऱ्याङ्गको भित्ताका तल्लो भाग (Dado भुईंबाट ४ फिट उचाइ सम्म) मा आकासे निलो र माथिल्लो भागमा सेतो रंग प्रयोग गरिने छ ।

(ख) इजलासको भित्तामा पुरै वा आंशिक रुपमा काठको प्यानलिङ्ग गरिने छ ।

(ग) कार्यकक्षको भित्तामा क्रिम रंग प्रयोग गरिने छ ।

(घ) सभाकक्षको भित्तामा सेतो रंग प्रयोग गरिने छ ।

(ङ) सिलिङ्गमा सेतो रंग प्रयोग गरिने छ ।

(३) यस अन्तरगतका भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण अनुसूची-३ मा संलग्न छ ।

## (७) प्रशासनिक भवनहरुः

(१) प्रशासनिक भवनको बाहिरी भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) प्लाष्टर गरिएको भवनहरुको मुख्य भागमा रातो माटोको रंग र सेतो रँगको संयोजनको प्रयोग गरिने छ । यसरी संयोजन गर्दा एक तल्लाको भवन भए झ्यालको सिल (Sill) भन्दा तल रातो माटोको रंग र माथिल्लो भागमा सेतो रंगको प्रयोग गरिने छ । दुई वा तीन तल्लाको भवन छ भने भूंई तल्ला सम्म वा पहिलो तल्लाको सिल सम्म रातो माटोको रंग प्रयोग गर्न सकिनेछ । यदि भवनको मुख्य भाग प्लाष्टर नगरिएको अर्थात् ईटाको वा ढुंगाको गारो देखिने खालको छ भने त्यसमाथि कुनै रंग प्रयोग नगरी घामपानीवाट सुरक्षित गर्न पारदर्शी रसायन (Silicon Paint) प्रयोग गरिने छ ।

(ख) भवनका ठाडो (Vertical) र तेर्सो (Horizontal) व्याण्डहरुमा सेतो रंग लगाउनु पर्नेछ ।

(ग) छज्जा (Projection) र छानाको फेसिया (Facia) सम्मको स्थानहरुमा खैरो रंगको प्रयोग गरिने छ ।

(घ) झ्याल ढोकाको चौकोस र खापामा ईटाको गारो देखिने भवन भए सेतो र त्यस वाहेकका भवनमा गाढा खैरा रंग प्रयोग गरिने छ । साथै झ्याल ढोकामा प्रयोग गरिने ग्रील पनि गाढा खैरो रंगको हुनु पर्नेछ ।

(ङ) रुफिङ्ग सिट (Roofing Sheet) प्रयोग हुने भए रातो रंग प्रयोग गरिने छ ।

(२) प्रशासनिक भवनका आन्तरिक भागहरुका लागि निम्न प्रकारको रंगहरु निर्धारण गरिएको छ ।

(क) कोरिडोर तथा भऱ्याङ्गका भित्ताका तल्लो भाग (Dado भुईंबाट ४ फिट उचाइ सम्म) मा खरानी रंग र माथिल्लो भागमा सेतो रंग प्रयोग गरिने छ ।

(ख) कार्यकक्षको भित्तामा क्रिम रंग प्रयोग गरिने छ ।

(ग) सभाकक्षको भित्तामा सेतो रंग प्रयोग गरिने छ ।

(घ) सिलिङ्गमा सेतो रंग प्रयोग गरिने छ ।

(३) यस अन्तरगतका भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।

## (८) शैक्षिक भवनहरुः

(१) शैक्षिक भवनका बाहिरी भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) प्लाष्टर गरिएको भवनहरुको मुख्य भागमा पहेंलो रंगको प्रयोग गर्नु पर्नेछ । रंग संयोजन गरी रंग लगाइने हकमा सेतो र पहेँलोको संयोजन गरी लगाउन सकिनेछ । यदि भवनको मुख्य भाग प्लाष्टर नभएर ईटा वा ढुंगाको गारो देखिने खालको छ भने त्यसमाथि कुनै रंग प्रयोग नगरी घामपानीवाट सुरक्षित गर्न पारदर्शी रसायन प्रयोग गरिने छ ।

(ख) भवन ठाडो (Vertical) र तेर्सो (Horizontal) व्याण्डहरुमा सेतो रंगको प्रयोग गरिने छ ।

(ग) छज्जा (Projection) र छानाको फेसिया (Facia) सम्मको स्थानहरुमा खरानी, रंगको प्रयोग गरिने छ ।

(घ) झ्याल ढोकाको चौकोस र खापामा ईटा वा ढुंगाको गारो देखिने भवन भए सेतो र त्यस वाहेकका भवनमा गाढा खैरो रंग प्रयोग गर्नु पर्नेछ । साथै झ्याल ढोकामा प्रयोग गरिने ग्रीलमा पनि गाढा खैरो रंग प्रयोग गरिने छ ।

(ङ) रुफिङ्ग सिट (Roofing Sheet) प्रयोग हुने भए रातो रंग प्रयोग गरिने छ ।

(२) शैक्षिक भवनका आन्तरिक भागहरुका लागि निम्न प्रकारको रंगहरु निर्धारण गरिएको छ ।

(क) करिडोर तथा भऱ्याङ्गको भित्ताका तल्लो भाग (Dado) भुईंबाट ४ फिट उचाइ सम्ममा खैरो रंग र माथिल्लो भागमा सेतो रंग प्रयोग गरिने छ ।

(ख) कक्षा कोठाको भित्तामा क्रिम वा आइभोरी (Ivory) रंग प्रयोग गरिने छ ।

(ग) सभाकक्षको भित्तामा सेतो रंग प्रयोग गरिने छ ।

(घ) सिलिङ्गमा सेतो रंग प्रयोग गरिने छ ।

(ङ) छ कक्षा भन्दा मुनिका कक्षा कोठाहरु प्राथमिक रंग (Primary colors) हरुको संयोजन गरी बालमैत्री वनाउन सकिनेछ ।

(३) यस अन्तरगतका शैक्षिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण अनुसूची ५ मा संलग्न छ ।

**(९) स्वास्थ्य सेवा सम्वन्धी भवनहरुः**

(१) स्वास्थ्य भवनका वाहिरी भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) प्लाष्टर गरिएको भवनहरुको मुख्य भागमा आइभोरी (Ivory) रंगको प्रयोग गर्नु पर्नेछ । यदि भवनको मुख्य भाग प्लाष्टर नभएर ईटा वा ढुंगाको गारो देखिने खालको छ भने त्यसमाथि कुनै रंग प्रयोग नगरी घामपानीवाट सुरक्षित गर्न पारदर्शी रसायन प्रयोग गरिने छ ।

(ख) भवनको ठाडो (Vertical) र तेर्सो (Horizontal) ब्यान्डहरुमा फिका नीलो रंग प्रयोग गरिने छ ।

(ग) छज्जा (Projection), छानाको फेसिया (Facia) र प्लिन्थ लेभल (Plinth level) सम्मको खरानी रंग प्रयोग गरिने छ ।

(घ) झ्याल ढोकाको चौकोस र खापामा ईटा वा ढुंगाको गारो देखिने भवन भए सेतो र त्यस वाहेकका भवनमा गाढा खैरो रंग प्रयोग गरिने छ । साथै झ्याल ढोकामा प्रयोग गरिने ग्रील पनि गाढा खैरो हुनु पर्नेछ ।

(ङ) रुफिङ्ग सिट (Roofing Sheet) प्रयोग हुने भए नीलो रंग प्रयोग गरिने छ ।

(२) स्वास्थ्य भवनका आन्तरिक भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) करिडोर तथा भऱ्याङ्गको भित्तामा (Dado) भुईंबाट ४ फिट उचाइ सम्ममा हरियो रंग र माथिल्लो भागमा सेतो रंग प्रयोग गरिने छ ।

(ख) शल्यकृया (Operation Theater) गर्ने कोठा र डाक्टर कक्षमा सेतो रंग प्रयोग गरिने छ ।

(ग) विरामी कक्षको भित्ताको तल्लो भाग (Dado) भुईंबाट ४ फिट उचाइ सम्ममा हरियो रंग र माथिल्लो भागमा सेतो रंग प्रयोग गरिने छ ।

(घ) सभाकक्षको भित्तामा सेतो रंग प्रयोग गरिने छ ।

(ङ) सिलिङ्गमा सेतो रंग प्रयोग गरिने छ ।

(३) यस अन्तरगतका स्वास्थ्य भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण अनुसूची ६ मा संलग्न छ ।

## (१०) सामुदायिक तथा अन्य भवनहरुः

(१) सामुदायिक तथा अन्य भवनहरुका बाहिरी भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) प्लाष्टर गरिएको भवनहरुको मुख्य भागमा कलर चक्र (Wheel) मा रातो रंग परिवारका रंगहरु प्रयोग गर्नु पर्नेछ । यदि भवनको मुख्य भाग प्लाष्टर नभएर ईटा वा ढुंगाको गारो देखिने खालको छ भने त्यसमाथि कुनै रंग प्रयोग नगरी घामपानीवाट सुरक्षित गर्न पारदर्शी रसायन (Silicon Paint) प्रयोग गरिने छ ।

(ख) भवनको ठाडो (Vertical) र तेर्सो (Horizontal) व्यान्डहरुमा खरानी, खैरो वा सेतो रंग मध्ये सुहाउँदा कुनै एक रंगको प्रयोग गरिने छ ।

(ग) छज्जा (Projection), छानाको फेसिया (Facia) र प्लिन्थ लेभल (Plinth level) सम्मको खरानी, खैरो रंगमध्ये सुहाउँदो कुनै एक रंगको प्रयोग गरिने छ ।

(घ) झ्याल र ढोकाको हकमा सेतो वा खैरो मध्ये कुनै एक रंगको प्रयोग गरिने छ ।

(ङ) रुफिङ्ग सिट (Roofing Sheet) प्रयोग हुने भए रातो रंग प्रयोग गरिने छ ।

(२) सामुदायिक तथा अन्य भवनहरुका आन्तरिक भागहरुका लागि निम्न प्रकारले रंगहरु निर्धारण गरिएको छ ।

(क) करिडोर तथा भऱ्याङ्गको भित्ताका तल्लो भागमा (Dado) भुईंबाट ४ फिट उचाइ सम्म न्यानो रंग (Warm Color) को परिवारको कुनै रंग र माथिल्लो भगमा सेतो रंग प्रयोग गरिने छ ।

(ख) कार्यकक्षको भित्तामा क्रिम रंग प्रयोग गरिने छ ।

(ग) सिलिङ्गमा सेतो रंग प्रयोग गरिने छ ।

(३) यस अन्तरगतका सामुदायिक तथा अन्य भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण अनुसूची ७ मा संलग्न छ ।

## (११) विशेष सन्दर्भ :

(१) ऐतिहासिक भवनहरुमा रहेका सार्वजनिक कार्यालयहरुको स्वरुपमा परिवर्तन ल्याउन पाइने छैन । हाल प्रयोगमा रहेका रंगलाई नै निरन्तरता दिनु पर्नेछ । तर कुनै व्यान्ड वा कर्निसमा सुहाउंदो रंग प्रयोग गरेर केही नयाँपन दिन सकिनेछ जसको अन्तिम निर्णय विभाग प्रमुखले गर्नेछ ।

## (१२) संसोधन तथा ब्याख्या :

यस निर्देशिकाका ब्याख्या गर्ने अधिकार विभागमा रहनेछ । यस निर्देशिकाका प्रावधानहरु थप धट तथा संसोधन गर्ने अधिकार विभागका महानिर्देशकमा निहित रहनेछ ।

## अनुसूची १

### रंगको वास्तुशास्त्रीय वर्णन

(१) यस निर्देशिकाको प्रयोगमा रंगको संयोजन गर्दा मुख्यरुपमा देहाय बमोजिमको मुख्य, तटस्थ र गौण रंग संयोजन गर्न सकिने छ ।

(१) मुख्यता सम्बन्धी रंगहरु (Advancing Colors): चहकिला प्रकृतीका रंगहरुलाई मुख्यता सम्बन्धी रंगहरु भनिन्छ । यस अन्तर्गत प्राथमिक रंगहरु समेत पर्दछन ।



(२) तटस्थ रंगहरु (Neutral Colors): सापेक्षिक र राष्ट्रिय महत्वको भवनहरुमा तटस्थ रंगको प्रयोग हुनेछ । यस अन्तरगत प्राथमिक श्रेणीमा नपरेका तर उच्चस्तरिय रंग संयोजनमा पर्ने रंगहरु पर्दछन् । यस अन्तरगत हीउ सेतो, हरियो र माटो रातो रंगको समिश्रणमा हुने रंगको प्रयोग पर्दछ ।

| | |
|---|---|
| सेतो (हिउं सेतो)<br>हरियो (रुख हरियो)<br>रातो (माटो रातो) |  |

(३) गौण रंगहरु (Recessive Colors):
सापेक्षिक रुपमा गौण र कम महत्वका रंगहरु गौण रंगहरुमा पर्दछन् । गौणरंगहरुको प्रयोग भवनहरुको मुख्य भागमा गर्न निषेध गरिएको छ ।

(२) रंग संयोजनका सिद्धान्तहरु :
यस निर्देशिका अनुसार रंग संयोजन प्रस्ताव पेश भएमा सो प्रस्तावमा देहायका सिद्धान्तहरु सहित दृष्य र सहरी भू-दृश्यको वातावरणमा सुहाउँदो हुने गरी पेश गर्नुपर्ने छ ।

(१) रंगको वर्गीकरण :
वास्तुशास्त्रीय हिसावले रंगलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

(क) प्राथमिक रंगहरु (Primary Color): अनूसुची २ मा रहेको रंग चक्र अनुसार रातो, पहेंलो र निलो रंगलाई मूख्य रंग अथवा Primany Color भनिने छ ।

(ख) माध्यमिक रंगहरु (Secondary Color): अनुसूची २ मा रहेको रंग चक्र अनुसार (i) रातो र पहेंलोको मिश्रणवाट तयार भएको सुन्तला र (ii) पहेंलो र निलोको मिश्रणवाट तयार भएको हरियो, र (iii) निलो र रातोको मिश्रणवाट तयार भएको वैजनी रंगलाई माध्यमिक रंगहरु भनिने छ ।

(ग) सहायक रंगहरु (Tertiary Colors): अनुसूची २ मा रहेको रंग चक्र अनुसार रातो सुन्तला, सुन्तला पहेंलो, पहेंलो हरियो, हरियो निलो, निलो बैजनी, बैजनी रातो रंगलाई सहायक रंग भनिने छ ।

(२) सेतोपना (Tint) तथा कालोपना (Tone):

एउटा रंगमा सेतोपना वढ्दै गएमा टिन्ट (Tint) र कालोपना वढ्दै गएमा टोन (Tone) भनिने छ। रंग संयोजनमा प्रयोग गर्दा प्राथमिक, माध्यमिक र सहायक रंगहरुको अतिरिक्त यसमा सेतोपना र कालोपनाको समेत विचार पुऱ्याउनु पर्नेछ। Tint ले उज्यालोपन र Tone ले फिकापन दिने हुंदा रंगको प्रयोगमा उज्यालोपन र फिकापनको विचार गर्नु पर्नेछ।

(३) एकल रंग संयोजन (Monochromatic Color Scheme):

एकल रंगको टिन्ट र टोन प्रयोग गरिएको रंग संयोजन अनुसार एकल रंग संयोजन हुनेछ। एउटै रंग का विभिन्न सेडहरु प्रयोग गर्न सेतो र कालोको थप समिश्रण गरी तयार पारिने रंग परिवारलाई एकल रंग संयोजन भनिने छ।

(४) तटस्थ रंग संयोजन (Neutral Color Scheme):

तटस्थ रंगको सेतोपना देखि कालोपना सम्म (Tintness to Toneness of Neutral Color) को संयोजनवाट तयार हुने रंग संयोजनवाट तटस्थ रंग संयोजन तयार गर्न सकिने छ।

(५) छरछिमेकी रंग संयोजन (Analogous Color Scheme):

रंग चक्रमा संगसंगै रहेका छिमेकी रंगहरुवाट बनाइने रंग संयोजन मार्फत छरछिमेकी रंग संयोजन तयार गर्न सकिन्छ। यसमा एउटै परिवारको रंग जस्तो देखिने तर छिमेकी रंगको सयोजनलाई लिइने छ।

(६) न्यानो रंग संयोजन (Warm Color Scheme):

रातो र यसको परिवार भित्रका Tint र Tone हरुको संयोजनलाई न्यानो रंग संयोजनको रुपमा लिइने छ। यो संयोजनले न्यानो अनुभव दिई सतह

नजिक भएको भान समेत गराउंछ ।

(७) चिसो रंग संयोजन (Cool Color Scheme):
निलो देखि हरियो रंग परिवार भित्रका Tint / Tone हरुको संयोजनलाई चिसो रंग संयोजनको रुपमा लिइने छ । यो संयोजनले चिसो अनुभव दिई सतह टाढा भएको भान गराउंछ ।

(८) पूरक रंग संयोजन (Complementary Color Scheme):
रंग चक्रमा विपरित दिशामा रहेको रंग संग गरिने संयोजनलाई पूरक रंग संयोजनको रुपमा लिइने छ । निलो रंगको सुन्तला, पहेंलो रंगको वैजनी तथा रातो रंगको हरियो, पूरक रंग सयोजनका केही उदाहरणहरु हुन् ।

(९) त्रिभुज रंग संयोजन (Triad Color Scheme):
रंग चक्रमा वरावर दुरी अर्थात् आन्तरिक कोण १२० डिग्री भएका तीन रंगहरुवाट वन्ने संयोजनलाई त्रिभुज रंग संयोजन मानिने छ । रातो, पहेंला र निला जस्तो आन्तरिक कोण १२० डिग्री भएको रंग संयोजनलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ ।

(१०) छुट्ट पूरक रंग संयोजन (Split Complementary):
एउटा रंग र त्यसको दायां वायां रहेको अर्को रंगको पूरक रंगको साथ गरिने संयोजनलाई छुट्टै पूरक रंग संयोजन भनिने छ। रातोको हरियो र सुन्तलाको निलो आपसमा पूरक भई छुट्टै भएकोले यस्तो रंग संयोजनलाई छुट्टै पूरक रंग संयोजन भनिने छ ।

(११) दोहोरो पूरक रंग संयोजन (Double Complementary Color Scheme):
रंग चक्रमा रहेका रंगहरु मध्ये आन्तरिक कोण ९० डिग्री भई वन्ने ४ वटा रंगहरुको संयोजनलाई दोहारो पूरक रंग संयोजन मानिने छ। रातो सुन्तलासंग निलो हरियो पूरक र पहेंलो संग बैजनी पूरक सहित चार रंगहरुले बन्ने संयो जन दोहोरो पुरक रंग संयोजनको उदाहरण हो ।

# रंग संयोजन मार्फत प्राप्त हुने असरहरु

(१) स्पासियल असर (Spatial Effect):

रंगको मार्फत रंग लगाइएको मूख्य भाग तन्किएको वा खुम्चिएको असर देखिने गरी प्रयोग हुने रंग संयोजनलाई स्पासियल असर (Spatial Effect) मानिने छ । उज्यालो देखिने पहेंलो र सुन्तला जस्तो रंगको सन्तृप्ति (saturation) मा फैलिएको जस्तो अनुभव हुनु र अध्यांरो देखिने निलो र वैजनी जस्ता रंगको सन्तृप्ति (saturation) मा खुम्चिएको जस्तो अनुभव मार्फत फैलदां नजिक र खुम्चदा टाढा देखिने असरलाई स्पासियल असर (Spatial Effect) मानिने छ ।

(२) जोड दिइएको असर (Emphasis Effect):

रंगको संयोजन मार्फत ध्यानाकर्षण गराउने असरलाई जोड दिइएको असर भनिने छ । यसका लागि जोड दिइनु पर्ने अंगहरुमा मूख्य भाग भन्दा फरक पूरक वा Tone को संयोजन गरी प्रस्तुत गर्न सकिने छ ।

(३) एकरुपता असर (Unity Effect):

एउटै रंगको संयोजन तथा एकै दृश्य, कोण र Horizon भित्र धेरै पटक देखिने गरी वनाइएको रंग संयोजनलाई एकरुपता असर मानिने छ । यसका लागि एउटै रंगको टिन्ट र टोन अथवा एकल रंग संयोजन वा छर छिमेकी रंग संयोजन वा न्यानो तथा चिसो परिवारका रंग प्रयोग गरि तयार गरिने असरलाई लिइने छ ।

(४) सन्तुलन र अनुपात असर (Balance and Proportion Effect):

सन्तुलन देखाउन र अनुपातको असर देखाउन सन्तुलन र अनुपात असर प्रयोग गरिने छ । सन्तुलन माध्यमवाट औपचारिक तथा सन्तुलित (Symmetrical) र अनौपचारिक तथा असन्तुलित (Asymmetrical) गरी दुई प्रकारका असर देखाउन सकिनेछ भने अनुपात माध्यमवाट एक भागको सम्वन्ध अर्को भागसम्म वा सम्पूर्ण मूख्य भागसम्मको असर देखाउन प्रयोग गरिने छ ।

(५) चाल र ताल असर (Movemental and Rhythmatic Effect):

रंग मार्फत असर देखाउन उचित रुपमा प्रयोग भएको संयोजनलाई चाल अनुभव दिन प्रयोग हुने असरलाई चाल र केही दृष्टीगत निर्धारित दूरीमा एकानेक रंग प्रयोगको संयोजनलाई ताल असरको रुपमा लिइने छ । यसका लागि एक रंगको हकमा त्यसको उज्यालो तथा अध्यारोपना र अनेक रंगको हकमा परिच्छेद ३ अनुसारका विभिन्न संयोजनहरुको प्रयोग गरिएको हुनुपर्ने छ ।

# अनुसूची - २

## रंग चक्र, टिन्ट र टोन

२. (क) रंग चक्र (Color wheel)




२. (ख) टिन्ट र टोन, सबै रंगहरुमा हुन सक्ने अध्यारोपना र उज्यालोपना
(Tint and tone – applicable to all colors)



## अनुसूची - ३

### संवैधानिक निकायका कार्यालय भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (बाहिरी)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १ | मुख्य भाग (प्लाष्टर गरिएको) | गुलावी (Pink) | | गुलावी रंग रातो रंगको नै परिवारमा पर्दछ । गुलावी रातो जस्तै न्यानो रंग अन्तर्गत पर्दछ। गुलावी रंगले भवनलाई बलियो, आकर्षक र फैलिएको अनुभूती दिन्छ । |
| २ | मुख्य भाग (ईंट्टाको वा ढुङ्गाको गारो) | पारदर्शी रसायन (Sillicon Paint) | | सामाग्रीको आफ्नै रंगलाई नछोपी घाम पानीबाट बचाउनको लागि |
| ३ | ठाडो/तेर्सो व्याण्ड | आईभोरी (Ivory) | | गुलावी रंगलाई संयोजन गर्नको लागि । |
| ४ | छज्जा (Projection)/ फेसिया (Facia) | खैरो (गाढा) | | घाम पानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ५ | छाना | Teracotta Tile/ Slate र रातो (अन्य सामाग्री वा GI Sheet) | | परम्परागत सामाग्री |
| ६ | झ्याल, ढोका (चौकोस र खापा) | सेतो | | स्वच्छताको प्रतिक । सबै रंगसंग मेल खाने रंग । |
| ७ | प्लिन्थ ब्याण्ड (Plinth Band) | खरानी (Grey) (ढुङ्गाको प्रयोग बढी उपयुक्त) | | गुलावी रंगसँग संयोजनका लागि र कम मर्मत पर्ने रंग |
| ८ | ग्रील (Grill) | खैरो (गाढा) | | अरु भागका रंगसँग संयोजनको लागि |
| ९ | पर्खाल (Boundry Wall) | तल (सानो भाग) खरानी (Grey) रंग र माथिल्लो भाग आईभोरी (Ivory) रंग | | भवनलाई बढी आकर्षक बनाउनको लागि । |

## अनुसूची - ३

## संवैधानिक निकायका कार्यालय भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (भित्री)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १० | करिडोर/ भऱ्याङ्गको भित्तामा | माथिल्लो - सेतो | | उज्यालो बढाउन |
| | | तल्लो - निलो आकाशे | | स्वच्छ, शीतल र पारदर्शीता झल्काउन |
| ११ | इजलास (भित्ता) | माथिल्लो - सेतो | | उज्यालो र स्वच्छता बढाउन |
| | | तल्लो - काठको प्यानलिङ्ग | | उच्चता तथा अनुशासन कायम गर्न |
| १२ | कार्यकक्ष (भित्ता) | क्रिम (Cream) | | उज्यालोपन बढाउन, मैलो चाँडै नहुने र कार्यमा एकाग्रता ल्याउन |
| १३ | सभाकक्ष (भित्ता) | सेतो | | उज्यालोपन, सफा औपचारिक देखाउन |
| १४ | सिलिङ्ग | सेतो | | उज्यालोपन र सफा देखाउन |

## अनुसूची - ४

### प्रशासनिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (बाहिरी)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १ | मुख्य भाग (प्लाष्टर गरिएको) | रातो माटो रंग र सेतो रंग | | प्राकृतिक रंग, स्थानीय वास्तुकलामा परम्परागत रुपमा प्रयोग |
| २ | मुख्य भाग (ईंटाको वा ढुंगाको गारो) | पारदर्शी रसायन (Sillicon Paint) | | सामाग्रीको आफ्नै रंगलाई नछोपी घामपानीबाट बचाउन |
| ३ | ठाडो/तेर्सो ब्याण्ड | सेतो | | सबैसँग मेल खाने रंग, भवनलाई प्रभावकारी स्वरुप दिन/भवनको स्वरुपमा उज्यालोपना थप्न |
| ४ | छज्जा (Projection)/ फेसिया (Facia) | गाढा खैरो | | घामपानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ५ | छाना | Teracota Tile/ Slate र रातो (अरु सामाग्री भए) | | परम्परागत सामाग्री |
| ६ | झ्याल (चौकोस र खापा) | सेतो/गाढा खैरो | | अरु भागका रंगसँग संयोजनको लागि |
| ७ | ढोका (चौकोस र खापा) | सेतो/गाढा खैरो | | अरु भागका रंगसँग संयोजनको लागि |
| ८ | प्लिन्थ ब्याण्ड (Plinth Band) | खरानी | | घामपानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ९ | ग्रील (Grill) | गाढा खैरो | | अरु भागका रंगसँग संयोजनको लागि |

## अनुसूची - ४

## प्रशासनिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (भित्री)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १० | करिडोर/ भऱ्याङ्गको भित्तामा | माथिल्लो - सेतो | | उज्यालो बढाउन |
| | | तल्लो - खरानी | | चाँडै मैलो हुन नदिन |
| ११ | कार्यकक्ष (भित्ता) | क्रिम (Cream) | | उज्यालोपन बढाउन, मैलो चाँडै नहुने र कार्यमा एकाग्रता ल्याउन |
| १२ | सभाकक्ष (भित्ता) | सेतो | | उज्यालोपन, सफा औपचारिक देखाउन |
| १३ | सिलिङ्ग | सेतो | | उज्यालोपन र सफा देखाउन |

## अनुसूची - ५

### शैक्षिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (बाहिरी)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १ | मुख्य भाग (प्लाष्टर गरिएको) | फिका पहेंलो रंग | | पहेंलो रंग उज्यालो र बुद्धिजिवी वर्गलाई मनपर्ने रंग हो । |
| २ | मुख्य भाग (ईंटाको वा ढुंगाको गारो) | पारदर्शी रसायन (Sillicon Paint) | | सामाग्रीको आफ्नै रंगलाई नछोपी घामपानीबाट बचाउनको लागि |
| ३ | ठाडो/तेर्सो ब्याण्ड | सेतो | | सेतो सबै रंगसँग मेल खाने रंग हो। यो स्वच्छताको पनि प्रतीक हो । |
| ४ | छज्जा (Projection)/ फेसिया (Facia) | खरानी | | घामपानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ५ | छाना | Teracota Tile/ Slate र रातो (अन्य सामाग्री भए) | | परम्परागत सामाग्री |
| ६ | झ्याल (चौकोस र खापा) | सेतो/खैरो गाढा | | अरु भागका रंगसँग संयोजनको लागि |
| ७ | ढोका (चौकोस र खापा) | सेतो/खैरो गाढा | | अरु भागका रंगसँग संयोजनको लागि |
| ८ | प्लिन्थ ब्याण्ड (Plinth Band) | खरानी | | घामपानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ९ | ग्रील (Grill) | खैरो (गाढा) | | अरु भागका रंगसँग संयोजनको लागि |

## अनुसूची - ५
## शैक्षिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (भित्री)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १० | करिडोर/ भऱ्याङ्गको भित्तामा | माथिल्लो- सेतो | | स्वच्छता र उज्यालोपनका लागि |
| | | तल्लो - खैरो | | चाँडै मैलो हुन नदिन |
| ११ | कक्षा कोठा (भित्ता) | क्रिम (Cream) वा आईभोरी (Ivory) रंग | | उज्यालोपन बढाउन, मैलो चाँडै नहुने र कार्यमा एकाग्रता ल्याउन |
| १२ | सभाकक्ष (भित्ता) | सेतो | | उज्यालोपन, सफा औपचारिक देखाउन |
| १३ | सिलिङ्ग | सेतो | | उज्यालोपन र सफा देखाउन |

## अनुसूची - ६

## स्वास्थ्य भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (बाहिरी)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १ | मुख्य भाग (प्लाष्टर गरिएको) | आईभारी (Ivory) रंग | | आईभोरी (Ivory) सेतो रंगको गाढा सेड हो । तुलनामा यो मर्मत संभारको लागि कम खर्चिलो छ र सेतो रंग स्वच्छताको प्रतीक हो । |
| २ | मुख्य भाग (ईंटाको वा ढुंगाको गारो) | पारदर्शी रसायन (Sillicon Paint) | | सामाग्रीको आफ्नै रंगलाई नछोपी घामपानीबाट बचाउनको लागि |
| ३ | ठाडो/तेर्सो ब्याण्ड | निलो रंग | | निलो रंग शितलताको प्रतिक हो । |
| ४ | छज्जा (Projection)/ फेसिया (Facia) | खरानी रंग | | घामपानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ५ | छाना | Teracota Tile/ Slate र निलो रंग (अन्य सामाग्री भए) | | परम्परागत सामाग्री |
| ६ | झ्याल (चौकोस र खापा) | सेतो/खैरो गाढा | | अरु भागका रंगसँग संयोजनको लागि |
| ७ | ढोका (चौकोस र खापा) | सेतो/खैरो गाढा | | अरु भागका रंगसँग संयोजनको लागि |
| ८ | प्लिन्थ ब्याण्ड (Plinth Band) | खरानी | | आईभोरी (Ivory) सँग संयोजनका लागि |
| ९ | ग्रील (Grill) | खैरो (गाढा) | | अरु भागका रंगसँग संयोजनको लागि |

## अनुसूची - ६

## स्वास्थ्य भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (भित्री)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १० | करिडोर/ भऱ्याङ्गको भित्तामा | माथिल्लो - सेतो | | सफा, शान्त र शितल वातावरणको लागि |
| | | तल्लो - हरियो | | |
| ११ | विरामी कक्षको भित्तामा | माथिल्लो - सेतो | | उज्यालो र सफा वातावरण बनाउनको लागि |
| | | तल्लो - हरियो | | विरामीहरुको मानसिक सन्तुलन गर्न । |
| १२ | डाक्टर कक्ष भित्ता) /अपरेशन कक्ष (भित्ता) | सेतो | | स्वच्छता र सफापनको लागि |
| | सभाकक्ष (भित्ता) | सेतो | | उज्यालोपन, सफा औपचारिक देखाउन |
| १३ | सिलिङ्ग | सेतो | | उज्यालोपन र सफा देखाउन |

## अनुसूची - ७

## सामुदायिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (बाहिरी)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १ | मुख्य भाग (प्लाष्टर गरिएको) Complementary/ Contrasting color scheme | मुख्य रुपमा रातो रंग परिवारमा Shades हरू र सेतो, खैरो, खरानी इत्यादी Neutral रंगहरू | | रातो रंग रमाइलो र उत्सवको रंग हो। यो रंगले उत्साह बढाउने, भवनको आकर्षणलाई बढाउने काम गर्दछ । |
| २ | मुख्य भाग (ईंटाको वा ढुंगाको गारो) | पारदर्शी रसायन (Sillicon Paint) | | सामाग्रीको आफ्नै रंगलाई नछोपी घाम पानीबाट बचाउनको लागि |
| ३ | ठाडो/तेर्सो ब्यान्ड | सेतो, खरानी, खैरो रंग | | शितलताको प्रतिक भएकोले । |
| ४ | छज्जा (Projection)/ फेसिया (Facia) | खरानी, खैरो रंग | | घाम पानीको प्रत्यक्ष सम्पर्कमा आउने भाग भएकोले मैलो नदेखिने रंग |
| ५ | छाना | Teracota Tile/Slate रातो (अन्य सामाग्री भए) | | परम्परागत सामाग्री |
| ६ | झ्याल (चौकोस र खापा) | सेतो र खैरो वा सुहाउँदो दृष्टिकोणले | | अरु भागका रंगसँग संयोजनको लागि |
| ७ | ढोका (चौकोस र खापा) | सेतो र खैरो वा सुहाउँदो दृष्टिकोणले | | अरु भागका रंगसँग संयोजनको लागि |
| ८ | प्लिन्थ ब्याण्ड (Plinth Band) | खरानी (Grey) (ढुङ्गाको प्रयोग बढी उपयुक्त) | | अरु भागका रंगसँग संयोजनको लागि |
| ९ | ग्रील (Grill) | सेतो वा खैरो र अन्य रंग | | अरु भागका रंगसँग संयोजनको लागि |

## अनुसूची - ७

### सामुदायिक भवनहरुमा प्रयोग हुने रंगको विस्तृत विवरण (भित्री)

| सि.नं | भवनहरुका अंगहरू | रंगको नाम | रंगको नमूना | रंगको कारण |
|---|---|---|---|---|
| १० | करिडोर/ भऱ्याङ्गको भित्तामा | माथिल्लो - सेतो | | उज्यालोपन, स्वच्छ वातावरणको लागि |
| | | तल्लो - न्यानो कलर | | चाँडै मैलो हुन नदिन र न्यानो वातावरण बनाउन |
| ११ | कार्यकक्ष (भित्ता) | क्रिम (Cream) | | उज्यालोपन बढाउन, मैलो चाँडै नहुने |
| १२ | सभाकक्ष (भित्ता) | क्रिम (Cream) | | उज्यालोपन बढाउन, मैलो चाँडै नहुने र मैत्रीपूर्ण वातावरण बनाउने |
| १३ | सिलिङ्ग | सेतो | | उज्यालोपन, स्वच्छता र सफापनको लागि |